आमचोक गाउँपालिका, बालंखा, भोजपुरद्वारा प्रकाशित

# स्थानीय राजपत्र

२०८१/८/२५

खण्डः ८ संख्याः ४

कार्यपालिकाले स्वीकृत मिति : २०८१/८/२०

भाग-२

आमचोक गाउँपालिका

# आमचोक गाउँपालिकाको विपन्न नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

प्रमाणीकरण गर्ने

धन कुमार राई

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८१/८/२०

# आमचोक गाउँपालिकाको विपन्न नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१

**प्रस्तावना** : आमचोक गाउँपालिकाको क्षेत्र भित्रका नागरिकहरुको लागी उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिवि वर्गीकरणको "घ" र "ग" वर्गमा वर्गिकृत विपन्न घर परिवारहरुले नागरिक आवास निर्माण आफैंले गर्न चाहेमा ईटा, ढुङ्गा वा काठ आदीको गारो लगाई काठ र जस्तापाता लगायतका सामाग्रीहरुको प्रयोगबाट घर तथा छाना निर्माण गरी पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी विपन्न नागरिक आवास निर्माण कार्यलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले आमचोक गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी आमचोक गाउँपालिकाले विपन्न नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "विपन्न नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "लक्षित वर्ग" भन्नाले दफा ३ बमोजिम पहिचान भएका परिवार सम्झनु पर्छ ।

(ख) "लाभग्राही" भन्नाले दफा ४ बमोजिम छनौट गरिएका व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(ग) "गरिवि वर्गीकरण" भन्नाले गाउँपालिकाले गरेको "क" धनी, "ख" मध्यम, "ग" गरिव र "घ" अति गरिव वर्गको स्तरीकरणलाई सम्झनु पर्छ ।

(घ) "विपन्न नागरिक आवास कार्यक्रम" भन्नाले गरिवि वर्गीकरणको "घ" र "ग" वर्गमा वर्गीकृत भएका नागरिकहरुले आगलागी तथा हावा, पानी थेग्न सक्ने गरी निर्माण गरिएका ईटा, ढुङ्गा वा काठ आदिको गारो भई पराल वा खर बाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्छ ।

(ङ) "विपन्न नागरिक आवास कार्यक्रम समन्वय समिति" भन्नाले दफा १० को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ ।

(च) "गाउँपालिका" भन्नाले आमचोक गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(छ) "सम्पर्क व्यक्ति (Focal Person)" भन्नाले दफा ८ को घ अनुसार तोकीएको व्यक्ति लाई सम्झनु पर्छ ।

प्रमाणीत

२०८१/८/२०

## परिच्छेद-२
## लक्षित वर्गको पहिचान र छनौटका आधार

**३. लक्षित वर्गको पहिचान**: लक्षित वर्गको पहिचान देहाय बमोजिमको आधारमा गरिनेछः-

(क) लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल, खर वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीवाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीवाट छाएको,

(ख) गरिवि वर्गीकरणको "घ" अति गरिव र "ग" गरिव वर्गमा वर्गीकृत विपन्न घर परिवारहरुले आफैंले आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार,

(ग) जग्गाधनी प्रमाण पूर्जा भई घर जग्गाको मालपोत बुझाएको वा आफ्नो नाममा जग्गाको धनीपूर्जा छैन भने एकाघरवालाको मन्जुरीनामा भएको वा अंसियार भएको,

(घ) स्थायी बसोवास गर्दै आएको,

(ङ) एक वा एक भन्दा बढी घर भई कुनै पनी घरमा जस्तापाताको/पक्की छाना नभएको,

(च) गरिवि वर्गीकरणको "घ"/"ग" वर्गमा वर्गीकृत कार्यपालिकाद्वारा स्वीकृत गरिवी वर्गिकरणमा नामावाली भएको ।,

**४. लाभग्राहीको छनौटको आधार तथा विधि** : (१) सम्वन्धित वडा कार्यालयले गरिवि वर्गीकरण अनुसार "घ"र"ग" वर्गमा वर्गीकृत भएका लाभग्राहीहरुवाट प्राथमिकताको आधारमा वजेटको परिधीमा रही घर निर्माण/छाना निर्माणका लागी लाभग्राहीहरुको घर संख्या छनौटका लागि सूचना प्रकाशन गरी विपन्न नागरिक आवास कार्यक्रम समन्वय समितिमा सिफारिस गर्नु पर्नेछ ।

(२) सिफारिस भइ आएका घरधुरीहरुको स्थलगत सर्वेक्षण मापन **अनुसूचि- १** वमोजिम विपन्न नागरिक आवास कार्यक्रम समन्वय समितिले गर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस भएका लाभग्राहीहरुको आवाश्यक छानविन गरी विपन्न नागरिक आवास कार्यक्रम समन्वय समितिले निर्णय गरी स्वीकृतीको लागी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएका लाभग्राहीहरुको गाउँ कार्यपालिकाको वैठकवाट स्वीकृत गर्नुपर्नेछ ।

## परिच्छेद-३
## अनुदान रकम तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी व्यवस्था

**५. अनुदान सम्झौता र वित्तीय प्रबन्ध** : (१) कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने कार्यक्रम संचालन खर्च लाभग्राहीले पाउने अनुदानको तिन प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी व्यवस्थापन गरिनेछ ।

(२) आमचोक गाउँपालिकाको स्वीकृत विपन्न नागरिक आवास कार्यक्रमको बजेटबाट घर निर्माणको लागी रु ३०००००।-र छाना निर्माणको लागी रु ७५०००।- अनुदान रकममा तिन प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी उपलब्ध गराइनेछ ।

(३) छनौट भएका लाभग्राहीहरुले सम्झौताका लागी **अनुसुची -२** बमोजिमको निवेदन र आवाश्यक कागजात गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

प्रमाणीत
२०७९।८।२०

(४) छनौट भएका लाभग्राहीहरुसंग आधारमा **अनुसूची -३** बमोजिमको ढाँचामा अनुदान सम्झौता गरीने छ ।

(५) छनौट भएका लाभग्राहीहरुले गाउँपालिकाले सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ र यसरी खोलिएको खातामा गाउँपालिकाले अनुदान सम्झौता भई निर्माण कार्यसम्पन्न भईसकेका लाभग्राहीहरुलाई विनियोजित रकममा तिन प्रतिशत कन्टिन्जेन्सी र नियमानुसारका कर कट्टा गरी एकमुष्ट अनुदान वापतको रकम उपलब्ध गराइनेछ ।

(६) छनौट भएका लाभग्राहीहरु एकल महिला, वृद्ध, असक्त वा अपाङ्ग भई स्वयमले निर्माण कार्य गर्न नसक्ने अवस्था भएमा वजेटको परिधिभित्र रहेर कानुनत उपभोक्ता समिति वा निर्माण व्यवसायीहरु वा अमानत मार्फत सम्झौता गरी घर निर्माण/छाना निर्माण कार्य सम्पन्न गरि हस्तानतरण गर्न सकिनेछ ।

**६. अनुदान रकम असुल उपर गराइने** : कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा लाभग्राहीवाट अनुदान रकम गाउँपालिकाले सरकारी वाँकी सरह असुल उपर गर्नेछ ।

**७. निर्माण सम्पन्न भएको मानिने** : (१) सम्वन्धित प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन, **अनुसूची ४** बमोजिमको प्रतिवेदन, आवाश्यक विल भर्पाई, फोटो, वडा कार्यालयको सिफारिस, विपन्न नागरिक आवास कार्यक्रम समन्वय समितिको निर्णय प्रतिलिपि पेश भई गाउँपालिकाले प्रमाणित गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।

(२) लाभग्राहीहरुलाई **अनुसुची ५** वमोजिमको निवेदन र आवाश्यक कागजातको आधारमा अनुदान उपलब्ध गराइनेछ

## परिच्छेद-४
## कार्यक्रम कार्यान्वयन

**८. गाउँपालिकाको काम, कर्तव्य र अधिकार** : यो कार्यविधि कार्यान्वयन गर्ने सन्दर्भमा गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वियनको लागि आवश्यक नीति तर्जुमा गर्ने तथा बजेट व्यवस्थाको लागि आवश्यक ब्यवस्था गर्ने ।

(ख) वडा कार्यालयहरुबाट माग भएको कार्यक्रम तथा बजेट, लाभग्राही घर संख्या र कार्यक्रम संचालन हुने वडा स्वीकृत गर्ने ।

(ग) विपन्न नागरिक आवास कार्यक्रम समन्वय समितिको गठन गर्ने ।

(घ) कार्यक्रम कार्यान्वियनको लागि सम्पर्क व्यक्ति (Focal Person) तोक्ने ।

(ङ) विपन्न नागरिक आवास कार्यक्रम समन्वय समितिवाट प्राप्त लाभग्राहीहरुको विवरण स्वीकृति गर्ने ।

(च) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आईपरेका समस्याहरु समाधान गर्ने र यस कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नु परेमा विधायन समिति मार्फत आवश्यक तयारी गरी स्वीकृतिको लागि पेश भए वमोजिम संसोधन सहित स्वीकृत गर्ने।

(छ) कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

प्रमाणीत

**९. सम्पर्क व्यक्ति (Focal Person) को काम, कर्तव्य र अधिकार:** कार्यक्रम कार्यान्वयनका लागी सम्पर्क व्यक्ती (Focal Person) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विपन्न नागरिक आवास कार्यक्रम समन्वय समितिमा सदस्य सचिवको काम गर्ने ।

(ख) विपन्न नागरिक आवास कार्यक्रम समन्वय समितिको निर्णय बमोजिम आवाश्यक काम गर्ने ।

(ग) लाभग्राहीहरुको दर्ता तथा सम्झौता गर्ने ।

(घ) सम्झौता भएका लाभग्राहीहरुको अभिलेख राख्ने ।

(ङ) लाभग्राहीहरुको अनुदान वापतको रकम उपलब्ध गराउन गाउँ कार्यपालिकामा पेश गर्ने ।

## परिच्छेद-५
## समिति सम्वन्धी व्यवस्था

**१०. विपन्न नागरिक आवास कार्यक्रम समन्वय समिति :** (१) कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन देहाय बमोजिम विपन्न नागरिक आवास कार्यक्रम समन्वय समिति रहनेछ :-

(क) पूर्वाधार विकास समितिको संयोजक : संयोजक

(ख) विपन्न नागरिक आवास कार्यक्रम सञ्चालन हुने वडाको वडा अध्यक्षहरु: सदस्य

(ग) योजना शाखा प्रमुख : सदस्य

(घ) प्राविधिक शाखा प्रमुख : सदस्य

(ङ) प्राविधिक कर्मचारी सम्पर्क व्यक्ति (Focal Person) : सदस्य सचिव

(२) विपन्न नागरिक आवास कार्यक्रम समन्वय समितिको वैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ ।

**११. विपन्न नागरिक आवास कार्यक्रम समन्वय समितिको काम, कर्तव्य र अधिकार** : विपन्न नागरिक आवास कार्यक्रम समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयनको लागि वडा कार्यालयहरुबाट प्राप्त लक्षित वर्गको सूचिमा आवाश्यक छानविन गरी स्वीकृतीका लागी गाउँ कार्यपालिकामा पेश गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनका क्रममा सम्वन्धित वडा कार्यालयहरुसंग समन्वय कायम गर्ने,

(ग) कार्यक्रमको कार्यान्वयन सम्वन्धमा अनुगमन गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्ने,

(ङ) लाभग्राहीका गुनासोहरुको व्यवस्थापन गर्ने ।

(च) लाभग्राहीहरुको अनुदान वापतको रकम उपलब्ध गराउन गाउँपालिकामा सिफारिस गर्ने ।

## परिच्छेद-६
## विविध

**१२. कन्टिन्जेन्सी खर्चको व्यवस्था** : कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन गर्न कन्टिन्जेन्सी रकमको खर्च गर्दा प्राविधिक फिल्ड भत्ता, समितिको बैठक संचालन, अनुगमन र समिक्षा लगायतका कार्यमा खर्च गर्न सकिनेछ ।

**१३. अनुगमन सम्वन्धी व्यवस्था** : गाउँपालिकाको अनुगमन समितिले कार्यक्रमको अनुगमन गर्नेछ । निकासाको लागि अनुगमन समितिको सिफारिस अनिवार्य हुनेछ ।

**१४. विवादको समाधान** : कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा विपन्न नागरिक आवास कार्यक्रम समन्वय समितिको सिफारिसमा कार्यपालिकाद्वारा गरिने निर्णय अन्तिम हुनेछ ।

**१५. कारबाही हुने :** अनुदान कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

प्रमाणित

२०७४/८/२०

## अनुसूची १

**(दफा ४ को उपदफा २ संग सम्बन्धित)**

**घरधुरीहरुको स्थलगत सर्वेक्षण मापन**

| क्र.सं. | मापनको आधार | कैफियत |
|---|---|---|
| १ | घ वा ग वर्गमा आर्थिक स्तरीकरणमा नाम छ, छैन | |
| २ | आफ्नो नाम्मा जग्गाको धनीपूर्जा छ, छैन | |
| ३ | यदि आफ्नो नाम्मा जग्गाको धनीपूर्जा छैन भने एकाघरवाला वा अंसियारको मन्जुरीनामा छ, छैन | |
| ४ | अर्को स्थानमा यो वाहेकको घर छ, छैन | |
| ५ | घर निर्माण/छाना निर्माणको काम आफै गर्न सक्ने कि नसक्ने | |
| ६ | हाल भइरहेको घरको छाना पराल वा खरको हो,होइन | |

## अनुसूची २

**(दफा ५ को उपदफा ३ संग सम्बन्धित)**

**सम्झौताको निवेदन**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

आमचोक गाउँपालिकाको कार्यालय

वालंखा,भोजपुर

**विषयः** सम्झौता सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा विपन्न नागरिक आवास कार्यक्रमको घर निर्माण/छाना निर्माणका लागी आवाश्यक कागजात सहित सम्झौताको लागी यो निवेदन पेश गरेको छु।

**पेश भएका कागजातहरु**

१) लाभग्राहीको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी

२) इच्छाएको व्यक्तिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी

३) जग्गाधनी दर्ता प्रमाण पुर्जा/मालपोत तिरेको रसिद को प्रतिलिपी

४) प्राविधिक लागत अनुमान

५) विगतदेखी स्थायी बसोवास गर्दै आएको तथा गरिवि वर्गीकरण अनुसार "घ"/"ग" वर्गमा वर्गीकृत भएको भनी सम्वन्धित वडा कार्यालयको सिफारिस

६) लाभग्राहीको पासपोर्ट साइजको फोटो

लाभग्राहीको दस्तखतः

लाभग्राहीको नामः

लाभग्राहीको ठेगानाः

प्रमाणित

२०८१/८/२०

**अनुसूची ३**
**(दफा ५ को उपदफा ४ संग सम्वन्धित)**
**विपन्न नागरिक आवास निर्माणको लागि लाभग्राहीसंग गरीने**

**अनुदान सम्झौता-पत्र (घर बनाउने वा छाना छाउने)**

| सम्झौता क्रमसंख्या | |
|---|---|

पराल तथा खरको छाना भएको घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी विपन्न नागरिक आवास (घर/छाना) निर्माणका लागि भोजपुर जिल्ला आमचोक गा.पा. ........नं. वडा .......................... गाँउ/टोलको लाभग्राही श्री ........................................................ (यस पछि प्रथम पक्ष भनिने) र आमचोक गाँउ कार्यपालिकाको कार्यालय (यस पछि दोस्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही आमचोक गाउँपालिकाको लागत अनुमान बमोजिम विपन्न नागरिक आवास निर्माण गर्न गराउन मिति २०८........ साल ...............महिना........ गतेका दिन यो अनुदान सम्झौता-पत्रमा सही छाप दस्तखत गरेका छौं। आमचोक गाउँपालिका..........नं.वडा बस्ने श्री ................................ को नाती/नातीनी/बुहारी श्री ...................................... को छोरा/छोरी/श्रीमती वर्ष .......................

**प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरुः-**

१. मेरो घर पराल तथा खरको छाना रहेको ठीक साँचो हो । मैले मेरो घर पराल तथा खरको छाना रहेकोले विपन्न नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ एवं सम्झौता- पत्रमा उल्लिखित शर्त अनुरुप बनाउनेछु ।

२. निर्माण सामाग्रीको खरिद तथा ढुवानी गर्ने, डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन र अन्य निर्माण कार्य गर्ने निर्माण कर्मी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।

३. मैले प्राप्त गर्ने विपन्न नागरिक आवास (घर/छाना) निर्माणको अनुदान रकम घर/छाना निर्माणको लागि मात्र खर्च गर्नेछु ।

४. मैले तोकिएको बैंकमा खोलिएको खातामार्फत निर्माण कार्य सम्पन्न भएपछी एकमुष्ट अनुदान रकम रु. .......................(अक्षेरुपी रु.......................................................................................मात्र) प्राप्त गर्नेछु ।

७. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**दोस्रो पक्ष (आमचोक गाउँ कार्यपालिकाको कार्यालय) ले मञ्जुर गरेका शर्तहरु**

प्रथम पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा विपन्न नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा ५ को उपदफा २ वमोजिमको अनुदान रकम (घर/छाना) निर्माणको लागी दोस्रो पक्षले बैंकमार्फत उपलब्ध गराउनेछ ।

| प्रथम पक्ष (लाभग्राही) |
|---|
| क) लाभग्राहीको व्यक्तिगत विवरण |

प्रमाणित

२०८१/८/२०

लाभग्राहीको नाम, थर ..............................................................................

**नागरिकतामा उल्लेखित ठेगाना**

जिल्लाः..................

म.न.पा./ उ.म.न.पा./न.पा./गा.पा. ............................ वडा नं........,टोल वस्तिको नाम..................................

ना. प्र. नं. ......................................जारी जिल्ला ................................ जारी मिति ..................................

जन्म मितिः ...........................................

**स्थायी ठेगाना**

जिल्लाः भोजपुर

गाउँपालिकाः आमचोक वडा नं. ............

गाउँ/टोलः.....................................

सम्पर्क फोन नम्बरः ........................................

लाभग्राहिको फोटो

लाभग्रागी को औँठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

लाभग्राही को हस्ताक्षर ..........................................

मिति ...........................................

(ख) बैंक खाताको बिवरण

बैंक खाता नं. ..............................................................

खातावालाको नाम, थर (नेपालीमा)...........................................................

खातावालको नाम, थर (अंग्रेजीमा)...........................................................

बैंकको नामः ..........................................................

प्रमाणित

| |
|---|
| शाखा ........................................ |
| (ग) घर/छाना निर्माण हुने जग्गाको विवरणः<br>कित्ता नं. ..................................... क्षेत्रफल (रोपनी).....................................<br>ठेगानाः जिल्ला-भोजपुर, साविक गा.वि.स-..................................वडा नं.-............<br>हालको गाउँपालिका-आमचोक, वडा नं.- |
| घ) इच्छाएको व्यक्तिको नाम,थरः ........................................................................<br>ना.प्र.नं..........................................<br>लाभग्राहीसँगको नाता ................................................................. |
| ङ) साक्षीको नाम,थर ........................................................<br>हस्ताक्षर ...................................... |

| दोस्रो पक्ष ( आमचोक गाउँ कार्यपालिकाको कार्यालय) वालंखा,भोजपुर | कार्यालयको छाप |
|---|---|
| तयार गर्ने कर्मचारीको नाम ........................................<br>पद.........................................<br>हस्ताक्षर ........................................................<br>स्वीकृत गर्ने कार्यालय प्रमुखको नाम ........................................<br>पदः प्रमुख प्रशासकीय अधिकृत<br>हस्ताक्षर ........................................................<br>मिति ............................................ | |

आवश्यक कागजातहरु

७) लाभग्राहीको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी

८) इच्छाएको व्यक्तिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी

९) जग्गाधनी दर्ता प्रमाण पुर्जा/मालपोत तिरेको रसिद को प्रतिलिपी

१०) प्राविधिक लागत अनुमान

११) विगतदेखी स्थायी बसोवास गर्दै आएको तथा गरिवि वर्गीकरण अनुसार "घ"/"ग" वर्गमा वर्गीकृत भएको भनी सम्वन्धित वडा कार्यालयको सिफारिस

१२) लाभग्राहीको पासपोर्ट साइजको फोटो

१३) अनुसुची-१ वमोजिमको निवेदन

**अनुसूची ४**
**(दफा ७ को उपदफा १ संग सम्बन्धित)**
**<u>प्राविधिक प्रतिवेदन</u>**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
आमचोक गाउँपालिकाको कार्यालय
वालंखा,भोजपुर

विषयः **<u>प्राविधिक प्रतिवेदन पेश गरेको बारे।</u>**

उपरोक्त सम्बन्धमा विपन्न नागरिक आवास कार्यक्रम अन्तर्गत घर निर्माण/छाना निर्माणको काम सम्पन्न भएकोले देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पेश गरेको छु।

लाभग्राहीको नामः
लाभग्राहीको ठेगानाः
लाभग्राहीको सम्झौताको क्रमसंख्याः

सिफारिसः
संलग्न फोटो बमोजिम कार्य भएकोले अनुदान उपलब्ध गराउन सिफारिस गर्दछु।
निर्माण कार्य सम्पन्न भएको व्यहोरा सिफारिस गर्दछु।

(नोटः प्रगतिको अवस्था देखिने गरी हालको फोटो प्रतिवेदनसँग संलग्न गर्ने।)

| प्रतिवेदककोः | ईन्जिनियरकोः |
| --- | --- |
| दस्तखतः | दस्तखतः |
| नाम,थरः | नाम,थरः |
| पदः | |

प्रमाणित
२०७३/७/२०

**अनुसूची ५**

**(दफा ७ को उपदफा २ संग सम्बन्धित)**

**<u>अनुदानको लागी निवेदन</u>**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
आमचोक गाउँपालिकाको कार्यालय
वालंखा,भोजपुर

विषयः **<u>अनुदान उपलव्ध गराई पाउँ ।</u>**

उपरोक्त सम्बन्धमा विपन्न नागरिक आवास कार्यक्रम अन्तर्गत घर निर्माण/छाना निर्माण को काम सम्पन्न भएकोले आवाश्यक कागजातहरु सहित अनुदान उपलव्ध गराई पाउँ भनी यो निवेदन पेश गरेको छु।

लाभग्राहीको दस्तखतः
लाभग्राहीको नामः
लाभग्राहीको ठेगानाः
लाभग्राहीको सम्झौताको क्रमसंख्याः

प्रमाणित

२०७८/८/२०

आज्ञाले
धन कुमार राई
प्रमुख प्रशासकीय अधिकृत